फ्याक्स : ०६८-५२११०२
email :edcubaglung@gmail.com

नेपाल सरकार
शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# शिक्षा विकास तथा समन्वय इकाई
## बागलुङ

पत्र संख्या :०७९।०८०
च.नं. ५८

मिति :- २०७९/०४/१०

# विषय :- सूचना ! सूचना !! सूचना !!!

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय बैदेशिक रोजगार बोर्डको सचिवालय बबरमहल काठमाण्डौको सूचना अनुसार श्रम स्वीकृति लिई बैदेशिक रोजगारमा गई करार अवधि भित्र मृत्यु भएका वा पुर्ण रुपमा अशक्त वा गम्भीर विरामी भएका कामदारका बालवालिकाहरुलाई बैदेशिक रोजगार छात्रवृत्तिका लागि आँफु अध्ययनरत शैक्षिक संस्थामा बैदेशिक रोजगार छात्रवृत्ति संचालन कार्यविधी २०७१ को अनुसूची (१) बमोजिमको ढाँचामा मिति २०७९ साल असोज मसान्त भित्र तपसिल बमोजिमका कागजपत्रहरु समावेश गरी फाईलमा राखि शिक्षा विकास तथा समन्वय इकाई बागलुङमा बुझाउनु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकासित गरिएको छ ।

**छात्रवृत्ति प्राप्त गर्ने आधारहरु**

१. श्रम स्वीकृति लिई बैदेशिक रोजगारमा गई मृत्यु वा अंग भंग वा विरामी भई बैदेशिक रोजगार बोर्डबाट शत प्रतिसत आर्थिक सहायत लिएका कामदारका छोराछोरी हुनुपर्नेछ ।

२. सामुदायिक तथा संस्थागत विद्यालयमा पूर्व प्राथमिक कक्षा देखि कक्षा १२ सम्म अध्यययनरत १८ बर्ष मुनिका बालबालिकाहरुले मात्र निवेदन दिन सक्नेछन ।

३ मिति २०७९ आषाढ मसान्त सम्म उपरोक्त अनुसारको आर्थिक सहायता प्राप्त गर्ने कामदारका बालबालिकाहरुलाई मात्र शैक्षिक शत्र २०७९ को छात्रवृत्ति उपलब्ध गराईनेछ ।

**निवेदनसाथ संलग्न गर्नु पर्ने आवस्यक कागजातहरु ( हाल सम्म छात्रवृत्ति प्राप्त नगरेकाहरुका लागि)**

१. कामदारको श्रम स्वीकृतिको निस्सा ।
२ निवेदकको संरक्षकको नागरिकताको प्रतिलिपी ।
३ बैदेशिक रोजगारमा गई सोहि क्रममा मृत्यु भएका कामदारको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
४ बोर्डबाट आर्थिक सहायता प्राप्त गरेको प्रमाणित हुने कामदारको राहादानीको प्रतिलिपी र राहदानी नम्वर ।
५ बैदेशिक रोजगारमा गई सोहि क्रममा अशक्त भएका कामदारको पूर्णरुपमा अशक्त भएको खुल्ने प्रमाण कागज ।
६ विद्यार्थीको जन्म दर्ताको प्रतिलिपी ।
७ निवेदक संरक्षक र कामदार विचको नाता प्रमाणको प्रतिलिपी ।
८ सम्वन्धित स्थानिय तहको सिफारिस पत्र ।

**छात्रवृत्ति प्राप्त गरिरहेका बालबालिकाहरुका लागि**

१ विद्यार्थी को निवेदन ।
२ अध्ययनरत विद्यालयको कक्षा खुल्ने सिफारिस पत्र ।
३. कामदारको राहदानीको प्रतिलिपी

**थप जानकारीका लागि श्रम कल सेन्टरको टोल फ्रि नं. ११४१ बैदेशिक रोजगार बोर्डको फोन नं. ०१-५३२०३११, ४३३ र ९८४७६२४६५० वेभसाइट www.fepb.gov.np बाट प्राप्त गर्न सकिनेछ ।**

कुस्मराज उपाध्याय
इकाई प्रमुख
उप सचिव